**निर्णयहरुः**

- नेपाल सरकारको निर्णय अनुसार कोभिड १९ संक्रमण रोकथामको लागि पहिलो चरणको खोप अभियान नुवाकोट जिल्लाको त्रिशुली अस्पताल नुवाकोट स्थित खोप केन्द्रमा २०७७।१०।१४ गते १०:०० बजे शुभारम्भ गर्ने ।
- **पहिलो चरणमा पहिलो प्राथमिकतामा रहेका ब्यक्तिहरुः स्वास्थ्यकर्मीहरु, महिला स्वास्थ्य स्वंयसेविका, स्वास्थ्य संस्था तथा नगरपालिकाका सरसफाइकर्मी, एम्बुलेन्स चालक तथा कोभिड १९ बाट निधन भएकाहरुको दाहसँस्कारमा खटिने सुरक्षाकर्मीहरु सहित जम्मा २४२१ जनालाइ खोप सेवा उपलब्ध गराइने ।**
- त्रिशुली अस्पताल नुवाकोट तथा खरानीटार अस्पतालहरुमा कोभिड १९ बिरुध्द दिइने पहिलो चरणको खोप केन्द्रहरु प्रभावकारी तथा ब्यवस्थित सञ्चालन गर्नको लागि जिल्ला प्रहरी कार्यालयबाट आवश्यक सुरक्षा प्रवन्ध मिलाउने।
- स्वास्थ्य संस्थाको सेवा अवरुध्द नहुने गरी तोकिएका स्थानिय तहमा दुइ समुह/समयमा विभाजन गरी खोप सेवा लिन स्वास्थ्यकर्मी महिलास्वास्थ्य स्वंय सेविका तथा सरसफाइ कर्मी एवं एम्बुलेन्स चालकहरुलाइ **परिचय पत्र सहित खोप केन्द्रमा उपस्थित गराउन** सबै स्थानिय तहलाइ सहजिकरण तथा सहयोग गर्न अनुरोध गर्ने ।
- देहायको कार्यतालिका अनुसार कोभिड १९ बिरुध्दको खोप कार्यक्रमलाइ ब्यवस्थित तथा प्रभावकारी रुपमा सम्पन्न गराउने ।

| **मिति/समय** | **खोप केन्द्र: त्रिशुली अस्पताल नुवाकोट** |
|---|---|
| २०७७ माघ १४ गते १२:३० देखि | विदुर नगरपालिका |
| २०७७ माघ १५ गते, ९:३० देखि | ककनी, लिखु, शिवपुरी गाउँपालिका र बेलकोटगढी नगरपालिकाको पहिलो समुह |
| २०७७ माघ १६ गते, ९:३० देखि | तारकेश्वर, सूर्यगढी, मेघाङ्ग र किस्पाङ्ग गाउँपालिकाको पहिलो समुह |
| २०७७ माघ १७ गते, ९:३० देखि | ककनी, लिखु, शिवपुरी गाउँपालिका र बेलकोटगढी नगरपालिकाको नगरपालिका दोस्रो समुह |
| २०७७ माघ १८ गते, ९:३० देखि | तारकेश्वर, सूर्यगढी, म्यागङ्ग र किस्पाङ्ग गाउँपालिकाको दोस्रो समुह |
| २०७७ माघ १९ गते, ९:३० देखि | एम्बुलेन्स चालक तथा उल्लेखित पालिकाहरुका छुट भएका लक्षित ब्यक्तिहरु |
| **मिति/समय** | **खोप केन्द्र: खरानीटार अस्पताल नुवाकोट** |
| २०७७ माघ १६ गते ९:३० देखि | पञ्चकन्या तथा दुप्चेश्वर गाउँपालिकाको पहिलो समुह |
| २०७७ माघ १७ गते ९:३० देखि | दुप्चेश्वर गाउँपालिका |
| २०७७ माघ १८ गते ९:३० देखि | तादी तथा पञ्चकन्या गाउँपालिका दोस्रो समुह |
| २०७७ माघ १९ गते ९:३० देखि | उल्लेखित पालिकाहरुका छुट भएका लक्षित ब्यक्तिहरु |